# प्रेस विज्ञप्ति- २८०

# Press Release-280

लागू औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau
कोटेश्वर, काठमाडौ।
मिति: २०७७।०३।११ गते।

## नियन्त्रित मनोद्धिपक लागूऔषध सहित ५ जना मानिस पक्राउ

विशेष सूचनाको आधारमा लामो समय देखिको निग्रानी तथा सूचनाको विश्लेषण पश्चात लागू औषध नियन्त्रण व्यूरोबाट खटिएको प्रहरी टोलीले मिति २०७७।०३।१० गते जिल्ला काठमाण्डौ, काठमाण्डौ महानगरपालिका वडा न- ३२ पुरानो सिनामंगल स्थित पेप्सीकोलामा रहेको सन्तोष कुमार शाहको डेरा कोठाबाट लागू औषध कारोवारमा संलग्न जिल्ला उदयपुर, त्रियुगा न.पा. वडा नं.११ वोक्से घर भई हाल जिल्ला काठमाण्डौ, काठमाण्डौ महानगरपालिका वडा न- ३२ बस्ने बर्ष ३६ को एलिसन बस्नेत, जिल्ला बर्दिया ठाकुरबाबा न.पा. वडा नं. ३ घर भई का.म.न.पा. – ३२ पेप्सीकोला बस्ने बर्ष ४३ को सन्तोष कुमार शाह, जिल्ला काठमाण्डौ, काठमाण्डौ महानगरपालिका वडा न-१ नारायणचौर नक्साल बस्ने बर्ष ४८ को भुपेश शेरचन , जिल्ला काठमाण्डौ, काठमाण्डौ महानगरपालिका वडा न-३० ज्ञानेश्वर बस्ने बर्ष ४८ को अभिनास थपलियालाई लागू औषध कारोवारको योजना बनाई रहेको अवस्थामा **नियन्त्रित मनोद्धिपक लागू औषध DIALEX-DC बोत्तल थान ६६०, नाईट्राभेट ११४० ट्याब्लेट , Spasmo-Proxyvon क्याप्सुल ३३० थान र नगद रू १ लाख** सहित नियन्त्रण लिईएको र उक्त अवैध लागु औषध कारोवारमा जिल्ला बाँके नेपालगंज उ.म.न.पा.वडा नं. ५ स्थायी वतन भएका प्रहरी निरीक्षक बर्ष ४४ को रुद्र बहादुर शाही समेतको संलग्नता रहेको भन्ने खुल्न आएकोले निज रुद्र बहादुर शाहीलाई मिति २०७७।०३।११ गते काठमाण्डौ, महानगरपालिका वडा नं. ३१ स्थित आलोकनगर मिनभवनबाट **नियन्त्रित मनोद्धिपक लागूऔषध DIALEX-DC १०० एम.एल. लेखिएको बोत्तल थान ७ , नाईट्राभेट ४६ ट्याब्लेट सहित नियन्त्रणमा लिईएको।**

निजहरु उपर लागू औषध नियन्त्रण ऐन, २०३३ बमोजिम मुद्दा दर्ता गरी यस व्यूरोबाट आवश्यक अनुसन्धान भईरहेको व्यहोरा जानकारीका लागि अनुरोध।

**(निज ५ जना व्यक्तिहरुबाट कुल बरामद नियन्त्रित मनोद्धिपक लागू औषध (DIALEX-DC) बोत्तल थान ६६७ , नाईट्राभेट ११८६ ट्याब्लेट , Spasmo- Proxyvon क्याप्सुल ३३० थान र नगद रु. नगद रू १ लाख रहेको)**

•••


Rest Room
बरामद सामान
डाईलेक्स डि.सी (१०० एमएल को) ६६५ बोतल
डाईलेक्स डि.सी (१०० एमएल को) आधा बोतल -१ थान
डाईलेक्स डि.सी (१०० एमएल को) खाली बोतल -१ थान
नाईट्राजेपाम (नाईट्रोभेट) - ११८६ ट्याब्लेट
पक्राउ व्यक्तिहरुको विवरण
१) एलिसन बस्नेत (३६बर्ष)
२) सन्तोष कुमार शाह (४३बर्ष)
३) भुपेश शेरचन (४८बर्ष)
४) अभिनास थपलिया (४८बर्ष)
५) रुद्र बहादुर शाही (४४ बर्ष)


ESTD 1992
काठमाण्डौ
बरामद सामान
डाईलेक्स डि.सी (१०० एमएल को) ६६५ बोतल
डाईलेक्स डि.सी (१०० एमएल को) आधा बोतल -१ थान
र्इलेक्स डि.सी (१०० एमएल को) खाली बोतल -१ थान
जेपाम (नाईटोभेट) - ११८६ ट्याब्लेट
पक्राउ व्यक्तिहरुको विवरण
१) एलिसन बस्नेत (३६बर्ष)
२) सन्तोष कुमार शाह (४३बर्ष)
३) भुपेश शेरचन (४८बर्ष)
४) अभिनास थपलिया (४८बर्ष)